# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

## बालाजु, काठमाडौं।

## बढुवाका लागि दरखास्त आह्वान सम्बन्धी सूचना।

(प्रकाशित मिति : २०८२/०९/१८)

यस लिमिटेडको स्वीकृत दरबन्दीमा रिक्त रहेका देहायका पदहरूमा कार्य क्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा गर्नुपर्ने भएकोले लोक सेवा आयोगबाट प्राप्त सहमति र पदपूर्ति समितिको निर्णय बमोजिम ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कर्मचारी सेवा सर्त विनियमावली, २०५४ (संशोधन सहित) विनियम ३९ग अनुसार र कार्य क्षमताको मूल्याङ्कनको हकमा सोही विनियमावलीको विनियम २८ अनुसार तोकिएको योग्यता पूरा गरेका सम्भाव्य कर्मचारीहरूबाट सो नियमावलीको विनियम ३३ अनुसार यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र विनियम ३४ बमोजिमको रीतपूर्वक दरखास्त आह्वान गरिएको छ। उल्लिखित म्यादभित्र शैक्षिक योग्यता, तालिम, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव र हालको सेवा अवधि खुल्ने लगायतका आवश्यक कागजातहरू स्वयंद्वारा प्रमाणित गरी साथै तोकिएको दरखास्त दस्तुर बापतको रकम सहित यस लिमिटेडको वेबसाइट (**www.izml.gov.np**) मा रहेको अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन गरी सोको प्रिन्ट-आउट सहित केन्द्रीय कार्यालयमा आइपुग्ने गरी दरखास्त दिनुपर्नेछ। म्याद नाघी आएको वा रीतपूर्वक पेश नभएको दरखास्त उपर कुनै कारबाही हुनेछैन।

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा/समूह/उपसमूह | बढुवाको किसिम तथा पद सङ्ख्या: कार्य क्षमताको मूल्याङ्कन | बढुवाको किसिम तथा पद सङ्ख्या: ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १. | १/०८२/८३ | निर्देशक | १० | प्रशासन | १ | | २,०००/- |
| २. | २/०८२/८३ | उप-निर्देशक/क्षेत्र व्यवस्थापक | ९ | प्रशासन | | १ | २,०००/- |
| | ३/०८२/८३ | | | | १ | | |
| ३. | ४/०८२/८३ | अधिकृत | ६ | प्रशासन | १ | | १,२००/- |
| ४. | ५/०८२/८३ | सब-इन्जिनियर/वरिष्ठ सहायक | ५ | प्राविधिक/सिभिल | १ | | ७००/- |
| ५. | ६/०८२/८३ | सुपरभाइजर | ३ | प्राविधिक/इलेक्ट्रिकल | १ | | ४००/- |
| ६. | ७/०८२/८३ | सुपरभाइजर | ३ | प्राविधिक/सिभिल | | १ | ४००/- |
| | ८/०८२/८३ | | | | १ | | |

**थप जानकारी:**

१. एउटै उम्मेदवारले दुवै किसिमको बढुवामा दरखास्त पेश गर्दा सोही अनुसारको अलग-अलग दरखास्त दस्तुर लाग्नेछ।

२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई त्यस्ता कागजातहरूको प्रतिलिपिलाई स्वयं प्रमाणित गरी पेस गर्नुपर्नेछ।

**सदस्य सचिव**

**पदपूर्ति समिति**